# फाटेको मन सिलाउने अस्पताल बन्दै सामुदायिक मेलमिलाप केन्द्र

**राजन बस्नेत/मध्यान्ह**
दोलखा, १४ माघ



दोलखाको मेलमिलाप केन्द्र स्थानीय जनताको फाटेको मन सिलाउने अभियानमा सक्रिय छ । समुदायमा दीगो शान्ति स्थापना भएको दीगो विकासका लागि उन्नत सम्बन्ध भन्ने मूल नाराका साथ सामुदायिक मेलमिलाप सम्बन्धि १ दिने अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

दोलखाको उत्तरी बिगु गाउँपालिकाका ८ वटा वडाहरुबाट प्रतिनिधित्व हुने गरी मेलमिलाप केन्द्रका संयोजक तथा प्रतिनिधि सदस्य, स्थानीय सरकार, न्यायीक समिति, प्रहरी र सम्बन्धित सरोकारवालाहरुको उपस्थितिमा गाउँपालिका स्तरिय अन्तरक्रिया तथा अनुभव आदनप्रदान कार्यक्रम सम्पन्न भएको प्राकृतिक श्रोत द्वन्द्व रुपान्तरण केन्द्र नेपालकी जिल्ला सहजकर्ता लक्ष्मी थापाले जानकारी दिइन् ।

कार्यक्रममा बोल्दै बिगु गाउँपालिका वडा नं. ३ बुलुङका सामुदायिक मेलमिलापकर्ता रामशरण खड्काले गाउँमा फाटेको मन सिलाउने एउटा विश्वासीलो माध्यम मेलमिलाप केन्द्र बनेको भन्दै उनले आफ्नो वडामा यहि आर्थिक वर्षमा ७ भन्दा बढी विवादको समाधान गरिएको बताए ।

त्यसै गरी खोपचागुका मेलमिलापकर्ता केशान्ती बुढाथोकीले गाउँमा सामान्य झगडा, भनाभन, सामाजिक अन्धविश्वास, कुरिती, कुसंस्कार सम्बन्धी र घरायसी झै-झगडालाई दुबै पक्षको जित हुने र कोही हार्नु नपर्ने भएको कारण मेलमिलाप स्थानीय जनताको सहारा बनेको धारणा व्यक्त गरिन् ।

कार्यक्रममा बिगु गाउँपालिका वडा नं. ५ चिलङ्काका मेलमिलापकर्ता कुमार लामिछानेले मेलमिलाप केन्द्रका मेलमिलापकर्ताहरुले स्वयंसेवकको भूमिका निर्वाह गरिरहेको भन्दै कुनै विवाद मिलाउन ४/५ दिन समय लाग्ने भएको हुँदा मेलमिलाप केन्द्रलाई स्थानीय सरकारले आफ्नो मातहतमा लिई सरकारी सेवा सुविधा समेत उपलब्ध गराउनुपर्ने जिकिर गरे ।

यता बिगु गाउँपालिकाका प्रमुख युधिस्ठिर खड्काले भने सामुदायिक मेलमिलाप केन्द्रले शान्ति स्थापना गर्न खेलेको महत्वपूर्ण भूमिकाको प्रशंसा गर्दै गाउँपालिकाको तर्फबाट आफुहरुले गर्ने सहयोग, सल्लाह, सुझाव निरन्तर गरिरहने प्रतिबद्धता व्यक्त गरे ।

बिगु गाउँपालिकाकी कानूनी सहजकर्ता बसुना ओलिको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा प्राकृतिक श्रोत द्वन्द्व रुपान्तरण केन्द्र नेपालका कार्यक्रम संयोजक बलराम सापकोटा, जिल्ला सहजकर्ता सहदेभ थापा लागाएतले मन्तव्य राखेका थिए । कार्यक्रममा संयोजक लक्ष्मी थापाले बिगु गाउँपालिकामा चालू आर्थिक वर्षको साउनबाट यता माघ सम्म आउँदा ६० भन्दा बढी विवाद समाधान भएको जानकारी दिइन् ।

कार्यक्रम रुपान्तरण केन्द्रको आयोजना, बिगु गाउँपालिकाको समन्वय तथा द एसिया फाउन्डेशनको सहयोगमा सम्पन्न भएको सहजकर्ता थापाले मध्यान्हलाई जानकारी दिइन् । सामुदायिक मेलमिलाप कार्यक्रम दोलखाको ९ स्थानीय तहको ७४ वटै वडामा न्यायसँग सम्बन्धित संचालन गरिएको कार्यक्रम हो भने जिल्लाभर तालिम प्राप्त ६०० भन्दा मा बढी मेलमिलापकर्ताहरु रहेको जिल्ला कार्यक्रम संयोजक सापकोटाले जानकारी दिए ।